
प्रदेश सकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय


**बागवानी विकास स्रोत केन्द्र**

पोखरा, गण्डकी प्रदेश

# सयपत्री फूल बाली पात्रो




| महिना | वैशाख | | | | जेठ | | | | असार | | | | साउन | | | | भदौ | | | | असोज | | | | कार्तिक | | | | मंसिर | | | | पुस | | | | माघ | | | | फागुन | | | | चैत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हप्ता | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| मौसम | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| वर्षा | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| हिउँद | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| गर्मी<br>प्लाष्टिक टर्नेल भित्र | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |




## कीराको व्यवस्थापन




### १. पातमा सुरुङ्ग बनाउने कीरा (Leaf miner)
- कीरा नलागेको स्वस्थ बेर्ना लगाउने
- कीरा लागेका पातहरू हटाउने
- नीमजन्य विषादीको प्रयोग गर्ने



### २. रातो सुलसुले (Red spider mite)
- सिँचाईको राम्रो प्रबन्ध मिलाउने
- एबामेक्टिनयुक्त विषादीको प्रयोग गर्ने



### ३. थ्रिप्स (Thrips)
- वरिपरी सफा राख्ने
- झारपात नियन्त्रण गर्ने
- शिकारी कीराको संरक्षण गर्ने
- नीमजन्य विषादीको प्रयोग गर्ने
- ईमिडाक्लोरपिड १ मिलि प्रति लिटर पानीमा मिसाई छर्ने



### ४. लाही (Aphid)
- प्राकृतिक शत्रुहरू जस्तैः लेडि बर्ड बिटल किराको संरक्षण गर्ने
- पहेंलो पासोको प्रयोग गर्ने
- दैहिक विषादी डाईमेथोएट, ईमिडाक्लोरोपिड प्रयोग गर्ने


## रोगको व्यवस्थापन




### १. बेर्ना कुहिने रोग (Damping off)
- ढुसीनाशक विषादी जस्तै बेभिष्टिन वा कार्बेन्डाजिम २ ग्राम प्रति केजी बीउका दरले बीउ उपचार गर्ने
- नर्सरी ब्याडमा बीउ बाक्लो नछर्ने
- पानी निकासको उचित व्यवस्था मिलाउने
- बीउ रोप्नुभन्दा ३-४ दिन अगावै २% फर्मालिनले माटो निर्मलिकरण गर्ने
- ब्याडमा रोगको लक्षण देखिनासाथ मेन्कोजेव ७५% डब्लु. पी वा कार्बेन्डाजिम ७५% डब्लु.पी २ ग्राम प्रति लिटर पानीमा मिसाएर माटोमा छर्ने
- मुख्य जमिनमा रोग लाग्न नदिन बेर्ना सारेको १० दिनपछि मेन्कोजेव ७५% डब्लु.पी वा कार्बेन्डाजिम ७५% डब्लु.पी २ ग्राम प्रति लिटर पानीमा मिसाएर स्प्रे गर्ने



### २. पातको थोप्ले र डढुवा रोग ( Leaf spot and blight)
- सिफारिस मात्रामा मलखादको प्रयोग गर्ने
- सिँचाईको उचित व्यवस्था मिलाउने
- वरिपरी सफा राख्ने
- ढुसीनाशक विषादी हेक्जाकोनाजोल प्रयोग गर्ने



### ३. सेतो ढुसी (Powdery mildew)
- खेतवारी सफा राख्ने
- रोग लागेको पातहरू र झारहरू नष्ट गर्ने
- डिनोकाप (काराथेन) वा कार्बेन्डाजिम (बेभिष्टिन) २ ग्राम प्रति लिटर पानीमा मिसाई पातहरू राम्ररी भिज्ने गरी छर्ने
- ट्राईडेमर्फ (क्यालिक्जिन) प्रयोग गर्ने



### ४. फूल कुहिने/बोट्राईटिस रट (Botrytis rot)
- खेतवारी सफा राख्ने
- मरेका र सुकेका हांगाविंगा हटाउने र पातहरू हटाउने
- प्रोपिनेव युक्त ढुसीनासक विषादी प्रयोग गर्ने

**व्यावसायिक खेतीको लागि उपयुक्त हावापानी तथा माटो**
- उचाईः १५०-२००० मिटर (सबैभन्दा उपयुक्त)
- वार्षिक औषत तापक्रमः १५-२८° सेन्टिग्रेड
- प्रशस्त प्राङ्गारिक पदार्थ भएको पानी नजम्ने, पि.एच ७-७.५ भएको दोमट माटो
- बजारको नजिक, सिँचाई र बाटोको सुविधा भएको

**जातहरू**

**अफ्रिकन सयपत्री**: कलकत्तिया ओरेन्ज (Calcattia Orange), कलकत्तिया यल्लो (Calcattia Yellow) अफ्रिकन जायन्ट, अफ्रिकन जायन्ट डबल ओरेन्ज, कर्मा - ५५५ ओरेन्ज (Karma–555–Orange)
**फ्रेन्च सयपत्री**: पुसा अरपिता, भ्यालेन्सिया, रस्टि रेड

**नर्सरी ब्याडको तयारी**
- नर्सरी राख्ने समय बजारको मागले निर्धारण गर्दछ
- १ मिटर चौडाई र अवश्यकता अनुसारको लम्बाई भएको ब्याड बनाउने, वर्षामा ब्याड राख्दा १५ से.मी अग्लो बनाउने
- प्रति वर्ग मिटर ७-८ के.जी को दरले राम्रोसँग पाकेको गोबरमल माटोमा मिसाउने
- लाईनमा बीउ रोप्ने, लाईनदेखि लाईनको दुरी १० से.मी राख्ने
- पानी हाल्ने, गर्मी मौसममा २ पटक र जाडो मौसमा १ पटक
- २५-३० दिनमा रोप्नको लागि बेर्ना तयार हुन्छ

**जमिन तयारी**

२-३ पटक राम्ररी खनजोत गरी प्रति रोपनी २००० के.जी पाकेको गोबरमल हाल्ने

**बिरुवा रोप्ने दुरी**

हारदेखि हार दुरीः ४० से.मी
बोटदेखि बोट दुरीः ४० से.मी
**बीउ दर**: ४० -५० ग्राम बीउ

**मलखाद व्यवस्थापन**

प्रति रोपनी क्षेत्रफलमा १.५ टन गोबरमल, १० केजी नाईट्रोजन, ४.५ केजी फस्फोरस र ४ केजी पोटास आवश्यक पर्दछ, नाईट्रोजनको आधा भाग र फस्फोरस र पोटासको पूरै मात्र बिरुवा रोप्ने बेलामा र नाईट्रोजनको बाँकी भाग ३० र ६० दिनपछि प्रयोग गर्ने, नाईट्रोजन टप ड्रेस गर्दा सुक्ष्म खाद्यतत्व जस्तै मल्टिप्लेक्स पनि स्प्रे गर्ने

**फूल टिप्दा ध्यान दिनुपर्ने कुराहरू**
- फूल बिहान वा बेलुकीको समयमा टिप्नुपर्दछ
- फूल टिप्नुभन्दा पहिले सिँचाई गर्ने
- सुकेको फूल टिपेर हटाउने
- फूल टिप्दा डाँठ सहित टिप्ने
- माला बनाउनको लागि हो भने अलि नफूलेको फूल टिप्ने